समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

Green Ilam

पत्र संख्याः ०८२/८३

चलानी नः १२१२

कोशी प्रदेश, नेपाल

मितिः २०८२/०९/१६

**विषयः करार शिक्षक नियुक्तिका लागि विज्ञापन प्रकाशन गरिएको।**

प्रस्तुत विषयमा इलाम नगरपालिकास्थित तपसिलमा उल्लेखित विद्यालयहरूमा रिक्त तपसिलका तह र विषयका शिक्षकहरूको पदपूर्तिका लागि करार शिक्षक/कर्मचारी छनौट नगर समितिको मिति २०८२/०९/१४ गतेको बैठकको निर्णयानुसार **करारमा** शिक्षक नियुक्तिको लागि यो विज्ञापन प्रकाशन गरिएको छ। तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकहरूले **मिति २०८२/०९/३० गतेसम्म कार्यालय समय**भित्र फारम भरी यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं | विद्यालयको नाम | तह/श्रेणी | विषय | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०५/०८२/८३ | महमाई आधारभूत विद्यालय, इलाम – ९, भञ्ज्याङ, इलाम | निम्न माध्यमिक तृतीय | गणित विज्ञान | १ | राहत अनुदान |
| २. | ०६/०८२/८३ | पूर्णस्मारक माध्यमिक विद्यालय, इलाम – १०, गोदक, इलाम | प्राथमिक तृतीय | | १ | रिक्त दरबन्दी |

**आवश्यक न्यूनतम योग्यताः**

**१. निम्न माध्यमिक तृतीय श्रेणीको लागि**

क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

ग. तालिम प्राप्त गरेको।

घ. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**२. प्राथमिक तह तृतीय श्रेणीको लागि**

क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

ग. तालिम प्राप्त गरेको।

घ. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**३. आवश्यक कागजात तथा अन्य जानकारी**

क. नेपाली नागरिकता प्रमाणपत्र र आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।

ख. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।

ग. २ प्रति पासपोर्ट साइजको फोटो।

घ. आवेदन दस्तुरः निम्न माध्यमिक तृतीय श्रेणीको लागि रु. ७०० र प्राथमिक तहको लागि रु. ५००।

ङ. परीक्षाको किसिमः लिखित, अन्तर्वार्ता र प्रयोगात्मक।

२०८२/०९/१६

शाखा अधिकृत

(अधिकृत स्तर आठौं)

समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा

पत्र संख्याः ०८२/८३

चलानी नः

कोशी प्रदेश, नेपाल

च. पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम।

छ. परीक्षा सम्बन्धी थप विवरण पछि प्रकाशन गरिनेछ।

ज. इच्छुक उमेद्वारले इलाम नगरपालिका राजश्व शाखाबाट तोकिएको शुल्क तिरेको रसिद र फारम लिई आवश्यक कागजातहरुमा आफैंले प्रमाणित गरी फाइलिङ गरेर शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ।

झ. **कार्यालयमा उपस्थित भई दरखास्त दिन नसक्ने उम्मेदवारको हकमा** देहायको प्रक्रिया पूरा गरी दरखास्त पेश गर्न सकिनेछ।

देहाय :

१. यसै साथ संलग्न आवेदन फाराम Download गर्ने।

२. फाराम भरी आवश्यक कागजातहरू संलग्न राखी सबै कागजातहरूमा सक्कलबमोजिम नक्कल ठिक छ भनी सहिछाप गरी Scan गर्ने।

३. इलाम नगरपालिकाको आन्तरिक राजस्व खाता, नेपाल बैंक लिमिटेडको खाता नं. ०४००३००००००१००१०००००१, राजश्व शीर्षक १४२२४ मा तोकिएको रकम जम्मा गरिएको भौचर scan गरी shikshashakha76@gmail.com मा आवेदन फाराम र कागजातहरू संलग्न राखी email पठाउने। लिखित परीक्षामा उपस्थित हुँदा सक्कल फाइल लिएर आउने।

ञ. **प्राथमिक तहको इलाम जिल्लाको लागि शिक्षक सेवा आयोगले पछिल्लो पटक प्रकाशन गरेको करार सूचीमा सूचीकृत व्यक्तिहरूबाट मिति २०८२/०९/२२ गतेभित्रमा निवेदन पर्न आएमा नियमानुसार करार नियुक्तिका लागि सोझै सिफारिश गरिनेछ।**

२०८२।०९।१६

राधिका घिमिरे

शाखा अधिकृत

बोधार्थः

श्री नगर प्रमुखज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम – जानकारीको लागि।

श्री सम्बन्धित सबै वडा कार्यालयहरू, इलाम नगरपालिका, इलाम – संलग्न सूचना प्रिन्ट गरी आ- आफ्नो कार्यालयमा टाँस गरिदिनु हुन।

श्री राजश्व शाखा, इलाम नगरपालिका, इलाम।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।

इलाम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय इलाम

# करार शिक्षकको लागि पेश गरेको निवेदन फाराम

| | |
|---|---|
| वि.नं. | |
| तह | |
| विषयः | |

हालसालै खिचेको दुवै कान देखिने पास फोटो

रोल नं.

## १ . व्यक्तिगत विवरण

| नाम थर | लिङ्ग | जन्म मिति | सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|
| | | | | |

## २ . स्थायी ठेगाना

| प्रदेश | जिल्ला | गाउँ/नगरपालिका | वडा नं | बावु/आमाको नाम थर | वाजेको नाम थर |
|---|---|---|---|---|---|
| | | | | | |

## ३ .न्यूनतम शैक्षिक योग्यता सम्वन्धी विवरण

| क्र स | उपाधि | उत्तीर्ण गरेको साल | मूल विषय | शिक्षण संस्थाको नाम | कुल प्राप्ताङ्क/जिपीए | प्राप्ताङ्क प्रतिशत | श्रेणी/ग्रेड |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

माथिल्लो शैक्षिक योग्यताको विवरण

| क्र स | उपाधि | उत्तीर्ण गरेको साल | मूल विषय | शिक्षण संस्थाको नाम | कुल प्राप्ताङ्क/जिपीए | प्राप्ताङ्क प्रतिशत | श्रेणी/ग्रेड |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

उपयुक्त विवरण ठिक साँचो हो। झुटा ठहरेमा कानुन बमोजिम सहनेछु।

| उमेदवारको सहिछाप | |
|---|---|
| | |

..........................

उमेदवारको दस्तखत

---

इलाम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय इलाम

करार शिक्षक पदका लागि लिइने परीक्षाको

प्रवेश पत्र

फोटो

१. उम्मेदवारको नाम थरः

२. ठेगानाः

३. विषयः ४. तहः ५. विज्ञापन नं.

६.उम्मेदवारको दस्तखतः

रोल नं. अधिकृतको हस्ताक्षरः